मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मौसमी फ्लु रोकथामका उपाय**

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- वेलावेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदेशको ८४८ माविमा विद्यालय नर्स, ३३ गापा र एक नपा रित्तै

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ बागमती प्रदेशको ८ सय भन्दा बढी माध्यमिक विद्यालयमा नर्सिङ सेवाको पहुँच पुगेको बताइएको छ ।

विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुराका साथै स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्दै स्वास्थ्य, सर सफाइ र पोषण प्रवर्द्धन गर्न विद्यालयमा नर्स राखिएको हो । प्रदेशको ८ सय ४८ माध्यमिक विद्यालयमा नर्सिङ सेवा उपलब्ध छ । प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशका १३ जिल्लाका १ सय १९ वटै पालिकालाई विद्यालय नर्स कार्यक्रमले समेट्ने प्रयास गरेको छ । सहरी क्षेत्रदेखि ग्रामीण भेगका माध्यमिक विद्यालयमा करार सेवामा नर्स नियुक्त गरी खटाइएको मन्त्रालयले जनाएको छ ।




किशोर-किशोरीको यौन तथा प्रजननस्वास्थ्य सुधारलाई मध्येनजर गर्दै तत्कालीन सरकारले २०७५ बाट 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालनमा ल्याएको हो । पहिलोचरणमा छनोट गरिएका १३ जिल्लाका २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको तत्कालीन सामाजिक विकास मन्त्रालयले 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको थियो ।

तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री युवराज दुलाल 'शरद'ले यो कार्यक्रमलाई प्रदेश सरकारको प्रमुख कार्यक्रमको रुपमा अघि सारेका थिए । नागरिकमा सकारात्मक र प्रभावकारी नतिजा प्रदान गर्ने उद्देश्यअनुसार कार्यक्रम अघि बढाइएको थियो । प्रदेशको विकट तथा दुर्गम क्षेत्रका विद्यालयमा नर्सको पद रित्त रहेका छन् । प्रदेशको ६१ विद्यालयमा नर्सहरुले विभिन्न कारणले जागिर छाडेका छन् । स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका अनुसार गत पुससम्म १०० को संख्यामा नर्सहरु रिक्त रहेको भएपनि हाल ६१ विद्यालयमा मात्र नर्स रिक्त रहेको छ ।

रिक्त रहेका विद्यालयमा निर्देशनालयमार्फत प्रक्रियागतरुपमा छनोट गरी नर्सहरुलाई नियुक्ति दिने काम भइरहेको निर्देशनालयका निर्देशक नरेन्द्र झाले जानकारी दिए । तथ्यांक अनुसार ३३ गाउँपालिका र एक नगरपालिकाका विद्यालयमा नर्स छैनन् । काभ्रेको २, सिन्धुपाल्चोकको ६, दोलखा ६, रसुवाको ३, धादिङको ६, रामेछापको ५, ललितपुरको १, नुवाकोटको ४ गाउँपालिकामा नर्स छैनन् भने नुवाकोटको एक नगर पालिकामा पनि नर्स रिक्त रहेको छ । काभ्रेको चौरीदेउराली गाउँपालिका र तेमाल गाउँपालिकाको ८ विद्यालयमा नर्सको दरबन्दी रिक्त रहेको हो ।

चौरीदेउराली गाउँपालिकाको खाँडादेवी मावि, प्रभा माध्यमिक विद्यालय, कात्तिके देउराली, भूमेस्थान माध्यमिक विद्यालय, बुद्ध हिमालयन माध्यमिक विद्यालय र तेमाल गाउँपालिकाको भूमे माध्यमिक विद्यालय, पन्चकन्या माध्यमिक विद्यालय, धार्ने ज्योति माध्यमिक विद्यालय, शारदा माध्यमिक विद्यालयमा नर्स रिक्त रहेका छन् । दोलखामा ६ स्थानीय तहका विद्यालयमा नर्स छैनन् ।

*बाँकी: पृष्ठ ४....*

# मकवानपुरमा विद्यार्थी भर्ना अभियान स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ मकवानपुरका सामुदायिक विद्यालयले वैशाख २ गतेदेखि गर्ने भनिएको विद्यार्थी भर्ना अभियान स्थगित गरिएको छ ।

शिक्षक आन्दोलनका कारण वैशाख २ गतेदेखि जिल्लाका सामुदायिक विद्यालयमा गर्ने भनिएको विद्यार्थी भर्ना अभियान सुरु हुनु सकेको छैन । विद्यालय शिक्षा ऐनको माग गर्दै शिक्षकहरु काठमाडौं केन्द्रित आन्दोलनमा उत्रिएपछि विद्यालयमा भर्ना अभियानलगायतका कार्यक्रम प्रभावित बनेको छ । नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेश हुमागाईले सरकारले विद्यालय शिक्षा ऐनलगायतका मागहरु लामो समयदेखि पूरा नगरेकोले शिक्षक काठमाडौं केन्द्रित आन्दोलनमा जुटेकोले विद्यालय भर्ना अभियान प्रभावित बनेको बताएका छन् ।



सरकारले सुनुवाई नगरे पछि अहिले काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी भएकोले विद्यालय भर्ना लगायतका शैक्षिक गतिविधि ठप्प भएको उनको भनाई छ । 'विद्यालय शिक्षा ऐन माग गरेर सरकारसँग तीनपटक सम्झौता भए, गत माघ २० गतेबाट पालिकास्तर हुँदै काठमाडौंसम्म आएका छौं' अध्यक्ष हुमागाईले भने, 'शालिनतापूर्वक लाखौं शिक्षक आन्दोलनमा सहभागी हुँदा समेत सरकारले सुनुवाई गरेन अहिले विद्यालय भर्ना अभियान सञ्चालन गर्नुपर्ने समयमा सरकारकै कारण विद्यालय भर्ना अभियानलगायत सामुदायिक विद्यालयको शैक्षिक गतिविधि ठप्प बनेको छ ।'

अध्यक्ष हुमागाईले गत चैत २० गतेदेखि नेपाल शिक्षक महासंघको नेतृत्वमा राजधानी केन्द्रित शैक्षिक आन्दोलन र २५ गतेबाट अनिश्चितकालीन शैक्षिक आमहड्ताल चलिरहेकोले मंगलबार देखि सुरु हुने भनिएको भर्ना अभियान स्थगित भएको बताए । शिक्षकका माग पूरा नभएसम्मका लागि विद्यार्थी भर्ना अभियान लगायतका सम्पूर्ण शैक्षिक कार्यक्रम नहुने उनको भनाई छ ।

संसदमा विचाराधीन रहेको विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विद्यालय शिक्षा विधेयक, २०८० विधेयकमा शिक्षणक्षेत्रमा रहेका विद्यमान समस्या समाधानको स्पष्ट व्यवस्था नगरिएको शिक्षक तथा विद्यालयका कर्मचारीको वृत्तिविकासलाई वेवास्ता गरिएको, ट्रेड युनियन अधिकार कटौती गरिएको भन्दै आफ्ना माग सम्बोधन गरी यथाशीघ्र शिक्षा सम्बन्धी ऐन जारी गर्न दवाव दिन शिक्षक महासंघको आह्वानमा आन्दोलन जारी रहेको छ ।






साझाकुरा

## हाम्रो कुरा

# पालिकाकै लगानीमा जीपलाइन

कैलाश गाउँपालिकाको बजेटबाट निर्मित कैलाश-बैकुण्ठ जीपलाइनको उद्घाटन गरिएको छ । नयाँवर्षको अवसर पारेर जीपलाइनको उद्घाटन गरिएको हो । गाउँपालिकाको करिब ८८ लाख रुपैयाँ लगानीमा निर्माण गरिएको एक हजार दुइसय मिटर लामो जीपलाइनको सोमबार उद्घाटन गरेको हो । बैकुण्ठमा जीपलाइनसँगै विभिन्न पर्यटकीय पार्कहरु निर्माण भइसकेका छन् । प्राकृतिक सौन्दर्यता, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वकास्थल रहेको मकवानपुरको बैकुण्ठ नयाँ पर्यटकीय गन्तव्यको रुपमा उदाइरहेको छ । स्थानीय सरकारले बैकुण्ठलाई पर्यटकीयक्षेत्र बनाउनको लागि चासोका साथ लगानी गरेसँगै यहाँ आकर्षक पार्कहरु, गुम्बालगायत संरचना निर्माण भइसकेका छन् । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटकको संख्या बढ्दो छ । बैकुण्ठबाट कैलाश गाउँपालिकाको अधिकांश वडाको अवलोकन गर्न सकिन्छ । ऐतिहासिक विष्णुकुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले बैकुण्ठ निकै महत्वपूर्ण मानिएको छ ।

कैलाश बैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिका साथै बागमती प्रदेश सरकारले लगानी गरेको छ । विष्णुकुण्ड, गुरु पद्मसम्भवको प्रतिमा, डाँफे मुनाल पार्क, ऐतिहासिक सतिघाट, भाइरल पिङलगायत पर्यटकीय आकर्षण रहेको वैकुण्ठमा जिपलाइन अर्को ठुलो आकर्षण हो । प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक पर्यटनको केन्द्र वैकुण्ठ कैलाश अब साहसिक पर्यटनको गन्तव्य बन्ने छ । देशकै लामो जिपलाइन बनेपछि आन्तरिक र बाह्रय पर्यटकको आगमन बढ्ने स्थानीयको विश्वास छ । बैकुण्ठमा केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्क्ले सबैको ध्यान खिचिरहेको छ । चारैतिर हिमाल र पहाडको दृश्य देखिने अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले सबैको मन लोभ्याउने गरेको छ । डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फूपार्क, चितुवापार्क र टुङ्ना पार्क निर्माण गरिएको छ । पर्यटनका लागि आवश्यक धेरै संरचनाहरु बनाइएको र अब पर्यटकको आवासको लागि व्यवस्थित होमस्टे स्थापना गरिने योजना छ । मकवानपुरको पालुङबाट करिब ३ घण्टाको कच्ची सडकको यात्रापछि कैलाशको बैकुण्ठ पुग्न सकिन्छ । धादिङको मलेखु र आदमघाटबाट पनि बैकुण्ठ पुग्ने सडक बनिसकेको छ । राक्सिराङ गाउँपालिकाको खैराङबाट पनि बैकुण्ठसम्म पुग्न सकिनेगरी सडक निर्माण भइसकेको छ । हिउँदयाममा मकवानपुरको मनहरीबाट करिब साढे २ घण्टामै बैकुण्ठडाँडा पुग्न सकिन्छ । धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सीमाना जोडिएको बैकुण्ठबाट धादिङ, गोरखा र रसुवाका हिमालको आकर्षक दृश्य देख्न सकिन्छ ।

कैलाश गाउँपालिका-२ को बैकुण्ठडाँडामा रहेको स्टेशनबाट चढेर कैलाश डाँडासम्म जीपलाइनमा यात्रा गर्न सकिन्छ । कैलाश गाउँपालिकाको नामाकरण भएको कैलाश डाँडा र बैकुण्ठ डाँडा ऐतिहासिक र धार्मिक महत्व बोकेको ठाउँ हो । धादिङको सीमानामा रहेको बैकुण्ठमा पछिल्लो समय गाउँपालिका र प्रदेश सरकारले पर्यटकीय संरचना निर्माणमा चासो दिइरहेका छन् । २०८० माघमा ठेक्का प्रकाशित भएसँगै सन्ध्या निर्माण सेवासँग ८८ लाख ५६ हजार ७ सात ६१ रुपैयाँमा ०८१ फागुन मसान्तसम्ममा सम्पन्न गर्नेगरी जीपलाइन निर्माणको ठेक्का सम्झौता भएको थियो । जीपलाइनको अघिल्लो आर्थिक वर्षमा ४८ प्रतिशत काम सम्पन्न भएको थियो भने बाँकी काम यसवर्ष सकिएको हो । जीपलाइन सञ्चालन भएसँगै धादिङको बेनीघाटरोराङ र गजुरी गाउँपालिका, मकवानपुरको थाहानगर, राक्सिराङ र मनहरी गाउँपालिका, चितवनका जीपलाइन पारखीको गन्तव्यस्थल बन्ने विश्वास लिइएको छ । धादिङसँग सीमाना जोडिएकाले जीपलाइनस्थल पुग्न बेनीघाटरोराङ, थाहानगर र मनहरी बजार तीनै क्षेत्रबाट करिब ३३ किलोमिटर सडक सञ्जाल जोडिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख ५ गते शुक्रबार १८ अप्रिल २०२५ । पञ्चमी, बैशाख कृष्णपक्ष । चौलागा ११४५ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३० । विश्व सम्पदा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# विश्व-राजनीतिको संक्रमणकाल: जैविक राष्ट्र-जैविक विश्वको प्रस्ताव



मोहन तिम्सिना

नेपालीमा एउटा उखानै छ- 'डोकोले छोपेको दिन देखिन्छ ।' अहिले अमेरिका र राष्ट्रपति डोनाल्ड ट्रम्पमा यो उखान चरितार्थ भएको छ । २०औं शताब्दीको उत्तरार्धदेखि अमेरिकाले आफूलाई 'विश्वको प्रहरी' को रूपमा प्रस्तुत गर्दै आएको थियो । लोकतन्त्र, मानव अधिकार, स्वतन्त्रता र उदारवादी मूल्यमान्यताको प्रचारकको भूमिकामा अमेरिकाले विश्वभर हस्तक्षेप गर्‍यो । कहिले अफगानिस्तानमा, कहिले इराकमा, कहिले सिरिया वा ल्याटिन अमेरिकी राष्ट्रहरूमा । तर लोकतन्त्र, मानवअधिकार, स्वतन्त्रता जे भने पनि ती केवल 'भन्ने कुरा' थिए । यथार्थमा हस्तक्षेपहरू धेरै हदसम्म भूराजनीतिक स्वार्थ, सैन्य-औद्योगिक गठबन्धन र संसाधनमाथि नियन्त्रणको रणनीतिमा आधारित थिए । ट्रम्प नेतृत्वको अमेरिकामा यो कुरा औपचारिक रूपले नै खुल्न थालेको छ ।

एकातिर सोभियत संघको पतन, चीनको चरम व्यापारिक चरित्र र अर्कोतिर अमेरिकी राजनीतिमा डोनाल्ड ट्रम्पको उपस्थिति र अराजकता । यी यस्ता परिघटना हुन् जसले एउटा युगको समाप्तिको संकेत गर्दछन् । अमेरिकामा जे भइरहेको छ, त्यो उदारवादी प्रणालीभित्रको असन्तुष्टि र त्यसको विघटन अघिको उकुसमुकुस हो । विश्व-राजनीति अहिले ऐतिहासिक संक्रमणको मोडमा आइपुगेको छ । कथित उदारवाद र समाजवादको वैचारिक विभाजनको युग समाप्त भएको छ । साझा हितका लागि वैश्विक सहकार्यको आधार तयार भएको छ ।

**वैचारिक विभाजनको भ्रम**

सदियौंदेखि मानव जातिलाई उदारवाद र समाजवाद, दक्षिणपन्थ र वामपन्थ, स्वतन्त्रता र नियन्त्रण जस्ता वैचारिक पर्खालले विभाजित गर्ने प्रयास गरियो । वैचारिक पर्खालका नाममा प्रत्यक्ष युद्धदेखि शीतयुद्धसम्म भए । अमेरिका र सोभियत संघ बीचको 'शीतयुद्ध' २०औं शताब्दीको सबैभन्दा प्रभावशाली भू-राजनीतिक संघर्ष थियो । सन् १९५०-१९५३ को अवधि उत्तर कोरिया (सोभियत समर्थन) र दक्षिणकोरिया (अमेरिकी समर्थन) बीचको युद्धले शीतयुद्धलाई प्रत्यक्ष युद्धमा रूपान्तरण गर्‍यो । १९६२ मा सोभियत संघले क्युबामा आणविक मिसाइल राखेपछि अमेरिका र सोभियत संघबीच परमाणु युद्धको सङ्कट उत्पन्न भयो ।

अन्ततः दुवै पछि हटे पनि यो घटना विश्व राजनीतिक तनावको चरम अवस्था थियो । सन् १९७९ मा सोभियत संघले अफगानिस्तानमा हस्तक्षेप गर्‍यो । प्रतिउत्तरमा अमेरिकाले तालिवान र मुजाहिद्दिनलाई समर्थन दियो । यसले धर्म (सम्प्रदाय) को आवरणमा राजनीतिक खेलको अर्को अध्याय खोल्यो । यी सारा खेलका पछाडि एकातिर लोकतन्त्र र स्वतन्त्रताको नाममा विश्वभर प्रभुत्व विस्तार गर्ने अमेरिकी लक्ष्य थियो । अर्कोतिर सामाजिक-समानता र श्रमिकको शासनको नाममा आफ्नो प्रभाव क्षेत्र बढाउने सोभियत लक्ष्य थियो । दुवै पक्षले आ-आफ्ना स्वार्थको रक्षा गर्न राष्ट्रहरूलाई मोहरा बनाएका थिए । यस्ता देशहरूमा 'प्रोक्सी युद्ध' चलाएका थिए । जसको शिकार भए भियतनाम, कोरिया, अफगानिस्तान र अफ्रिकाका देशहरू ।

**उदारवादको पतन**

सोभियत संघको विघटन (सन् १९९०) पछि फ्रान्सिस फुकुयामा जस्ता लेखकहरूले 'उदार वाद मात्र संसारको निर्विकल्प व्यवस्था हो' भनेर हल्ला गरेका थिए । तर आज उदारवादको उद्गम देश मानिएको अमेरिकामा नै उदारवादको खिल्ली उडाउन थालिएको छ । त्यसको अगुवा बनेका छन् राष्ट्रपति डोनाल्ड ट्रम्प । 'सूचनाको हक' उदारवादी प्रणालीको अभिन्न अंग थियो । तर ट्रम्पले प्रमुख मिडिया संस्थाहरूमाथि बारम्बार 'फेक न्यूज' भन्दै आक्रमण गरे । आलोचनात्मक समाचार लेख्ने पत्रकारहरूलाई 'जनताको दुश्मन' को उपाधि दिए । खुलापन र मानवअधिकार, उदारवादी प्रणालीको अर्को अभिन्न अंग थियो । तर ट्रम्पले मुस्लिम-बहुल देशहरूका नागरिकहरूलाई अमेरिका प्रवेशमा रोक लगाए । मेक्सिकोबाट आउने आप्रवासीलाई रोक्नका लागि सीमामा पर्खाल लगाउने कुरा गरे ।

लोकतन्त्रको रक्षा र न्यायपालिकाको गरिमा उदारवादी प्रणालीको अर्को अभिन्न अंग थियो । तर ट्रम्पले न्यायपालिका र खुफिया एजेन्सीलाई बारम्बार आलोचना गरे । २०२० को निर्वाचन परिणाम अस्वीकार गर्दै प्रत्यक्ष रूपमा संसद् भवनमा आक्रमण गर्न समर्थकहरूलाई उक्साए । बारम्बार विधायिकालाई कुल्चिएर कार्यकारी आदेश मार्फत निर्णय लिए । जातीय तथा धार्मिक अल्पसंख्यकहरूप्रति असहिष्णुताजनक अभिव्यक्ति दिए । काला जाति र उनीहरूको आन्दोलन विरुद्ध अभिव्यक्ति दिए । वैश्विक सहकार्य उदारवादी प्रणालीको अर्को आदर्श थियो । तर ट्रम्पले अरू मुलुकलाई करमा कडिकडाउ गर्दै आफ्नो बजारलाई नियन्त्रित गराए । पेरिस जलवायु सम्झौताबाट पछि हटे । विश्व स्वास्थ्य संगठनबाट हात झिके । संयुक्त राष्ट्रसंघप्रति पनि आलोचनात्मक अभिव्यक्ति दिए । युक्रेनी राष्ट्रपतिसमक्ष आफ्ना राजनीतिक प्रतिस्पर्धी ( जो बाइडेन) विरुद्ध अनुसन्धान गरिदिन दबाब दिए । जसको बदलामा सैन्य सहायता रोक्ने संकेत गरे । ट्रम्पले खुलेर भने, 'अमेरिका फर्स्ट', अर्थात् सबैभन्दा पहिले आफ्नो देशको स्वार्थ । यस्तो व्यवहारले अमेरिका उदारवादी विश्व नेता होइन, व्यक्तिगत स्वार्थकै खेलाडी हो भन्ने देखियो । यसरी उदारवादी वैचारिक ढोंग उदांगो भयो ।

**समाजवादको पतन**

असीको दशकबाटै सोभियत संघ संकटग्रस्त हुन थालेको थियो । समाजवादका नाममा केन्द्रीय योजना प्रणालीले पैदा गरेको आर्थिक संकट नै यसको प्रमुख कारक थियो । अफगानिस्तान युद्ध (सन् १९७९-१९८९) ले आर्थिक र सैन्य थकान दुवै पैदा गरेको थियो । जसले शासन व्यवस्थाप्रति असन्तोष झनै तीव्र बनायो । १५ वटा गणराज्यहरू (युक्रेन, बेलारूस, बाल्टिक देशहरू आदि) मा छुट्टै पहिचान र स्वाधीनताको चाहना बलियो हुँदै गयो । यही परिवेशमा १९९१ मा तत्कालीन राष्ट्रपति मिखाइल गोर्बाचोभले राजीनामा दिए । उनको राजीनामासँगै नाटकीय ढंगले सोभियत संघ विघटन भयो । गणराज्यहरूले आ-आफ्नो सार्वभौमसत्ताको स्थापना गरे । यसरी सोभियत समाजवादको पतन भयो ।

यो परिघटनाले अमेरिकी शासक वर्गमा उत्साह पैदा गरायो । उनीहरूमा 'शीतयुद्ध जित्यौं' भन्ने अहंकार पैदा भयो । रूसमा भने एकातिर व्यवस्थाको असफलताका कारण गरिबी र अराजकता बढ्यो । अर्कोतिर नयाँ रूसी राष्ट्रपति बोरिस यल्तसिन अमेरिका र युरोपेलीसँग सम्झौतापरस्त देखिए । यसले केही महत्वाकांक्षी पात्रलाई 'रूसी राष्ट्रवाद' को भावनामा खेल्ने मलिलो परिवेश पैदा भयो । भ्लादिमिर पुटिनले 'रूसको गौरव फर्काउने' अभियन्ताका रूपमा आफूलाई प्रस्तुत गरे । यो नारा नै पुटिन सत्तारोहणको आधार बन्यो । सोभियत संघको विघटनपछि उत्पन्न भएको राष्ट्रिय अपमान र अस्थिरतालाई राजनीतिक अवसरमा रूपान्तरण गर्न उनी सफल भए । सन् २००० मा पुटिन सत्तामा आए । तर उनका नीतिले 'समाजवादी आदर्श' लाई निरन्तरता दिएनन् । बरु उनी झन्-झन् कठोर शासकको रूपमा प्रस्तुत भए ।

रूस-युक्रेन युद्ध (२०२२-हालसम्म) रूसको स्वार्थ र प्रभाव पुनर्स्थापित गर्ने पुटिन प्रयास हो । युक्रेनलाई रूसले आफ्नै प्रभाव क्षेत्रभित्र राख्न चाहन्थ्यो । तर राष्ट्रपति जेलेन्स्कीले युरोपेली मुलुक र अमेरिकाको आडमा रूससँग टाढिने नीति लिए । यही नै युद्धको कारण बन्यो । तर यो मुद्दामा पुटिन कुनै वैचारिक पर्खाल खडा गर्ने पक्षमा छैनन् । आफ्नो स्वार्थका लागि जोसँग पनि हात मिलाउन तयार छन् । यसरी पुटिनका कदमले पनि समाजवादी वैचारिक ध्रुवलाई पुष्टि गरेन ।

चीनले अहिले आफूलाई समाजवादी भन्छ । तर चीनले पनि ट्रम्पकै सिको गरिरहेको छ । अर्थात्, यसले समाजवादको खिल्ली उडाइरहेको छ । त्यहाँ शिक्षा, स्वास्थ्य र सामाजिक सेवा जस्ता क्षेत्रमा पनि निजीकरण स्थापित भइसकेको छ । विशाल वर्गीय खाडल पैदा गरिएको छ । निजी उद्योगमा श्रमशोषण प्रशस्त छ । यस अतिरिक्त केही दशक यता चीन विश्व बजार कब्जा गर्ने महत्वाकांक्षामा सवार भइसकेको छ । यसका लागि बीआरआई नामको गठबन्धन शुरू गरिसकेको छ । व्यापार र नाफाका लागि ऊ जोसँग पनि हात मिलाउन तयार छ । यसरी चीनको 'समाजवादी सत्ता' ले पनि वैचारिक ध्रुवलाई पुष्टि गरेन ।

**जैविक राष्ट्र, जैविक विश्व**

अमेरिका, चीन, रूस र युरोपेली देशहरूका पछिल्ला क्रियाकलापले विश्वलाई कता लैजान्छ, त्यो प्रष्ट भइसकेको छैन । तैपनि यत्ति चाहिं भन्न सकिन्छ- मानव सभ्यता अहिले नयाँ मोडमा आइपुगेको छ । हामी अवसर र चुनौतीको दोसाँधमा छौं । पुरानो सोच र पुराना प्रणालीबाट अब विश्व व्यवस्था चल्नै नसक्ने अवस्था सिर्जना भएको छ । सतहमा ट्रम्प वा पुटिन वा जेलेन्स्की वा चीन वा युरोपेली मुलुक, जो देखिए पनि यी निमित्त पात्र मात्र हुन् । संकटको मूल जड चिन्तनगत रिक्तता नै हो । नयाँ सोच, नयाँ मूल्यमान्यता र नयाँ विश्व व्यवस्थाले मात्र त्यो रिक्तता भर्नेछ । यसले मात्र अवसरको सदुपयोग र चुनौतीको न्यूनीकरण गर्न सम्भव हुनेछ ।

'वैज्ञानिक क्रान्ति' ले नयाँ विश्व व्यवस्थाको सैद्धान्तिक र प्राविधिक आधार तयार गरेको छ । यद्यपि सैद्धान्तिक आधारको संश्लेषणबारे अन्योलता नै छ । सूचना क्रान्ति, जेनेटिक क्रान्ति र ऊर्जा क्रान्ति- यी तीन प्राविधिक आधार हुन् । यी प्राविधिक आधारको प्रभाव भने बलिया छन् । यिनीहरूले समाजलाई जगैदेखि हल्लाइदिएका छन् । कृत्रिम बौद्धिकता, जीन सम्पादन र नवीकरणीय ऊर्जा जस्ता क्षेत्रहरूमा भएको प्रगति अकल्पनीय सम्भावना लिएर आएको छ । तर अर्को पाटोमा जटिल र बहुआयामिक चुनौती छन् । भूराजनीतिक संघर्ष, आर्थिक असमानता, सामाजिक विभाजन, पर्यावरणीय विनाश र प्राविधिक अनिश्चितता चुनौतीका उदाहरण हुन् । यी सबै चुनौतीको मूल कारक मानव-केन्द्रित सोच, स्वार्थ आधारित मूल्यमान्यता र महाशक्तिका असीमित महत्वाकांक्षा हुन्, जसले प्रकृति र समाज दुवैलाई क्षत-विक्षत बनाएका छन् ।

यसको विकल्प 'जैविक राष्ट्र-जैविक विश्व' को अवधारणा हुन सक्छ । यहाँ 'जैविक' शब्दले चिन्तनगत आयामकै संकेत गर्दछ । यसले मानव-गैरमानव र प्रकृतिका सबैखाले प्रणाली बीचको सम्बन्धलाई सन्तुलित व्यवस्थापन गर्ने सोच प्रस्तुत गर्दछ । साझा हितका लागि वैश्विक सहकार्य र सहअस्तित्वको मूल्यमान्यता प्रस्तुत गर्दछ । यसका चार अवयव छन्-

**जैविक शासन प्रणाली**

संयुक्त राष्ट्रसंघको हालको प्रणालीमा व्यापक फेरबदल गरी विश्व संविधान, विश्व संसद्, विश्व सरकार र विश्व मुद्राको व्यवस्था जरूरी छ । 'मानवअधिकार' को धारणालाई 'जैविक अधिकार' को धारणामा विस्तार गर्नुपर्दछ । राष्ट्रहरूका राजनीतिक संस्थाहरूमा पारदर्शिता, सहभागिता, अन्तरसम्बन्ध र 'समतामुखी न्याय' को व्यवस्था हुनुपर्दछ । राजनीतिलाई 'स्वार्थको द्वन्द्व' हुने अवस्थाबाट बचाउनुपर्दछ । युद्धलाई पूर्णतः अवैध घोषित गर्नुपर्दछ । हतियार तथा सैन्य लगानीलाई निरुत्साहित गरी 'विश्व कल्याण कोष' मा लगानी बढाउनुपर्दछ ।

**जैविक अर्थतन्त्र**

प्रकृतिप्रतिको श्रद्धा, प्राकृतिक सम्पदालाई सामूहिक हितमा सदुपयोग, मानव र गैरमानव दुवैको हित रक्षा, आवश्यकतामा आधारित उत्पादन र 'गुणात्मक वृद्धि' को अवधारणा यसका मूलभूत पक्ष हुन् । प्राकृतिक सम्पदा र ठूला पूर्वाधारलाई सामूहिक सम्पत्तिमा परिणत गर्नुपर्छ । विकास नीति, प्रकृति-मैत्री, न्यायपूर्ण र समतामूलक हुनुपर्दछ ।

**जैविक सामाजिक-पर्यावरण**

जनसंख्या नियन्त्रण वैश्विक एजेन्डा बन्नुपर्छ । पृथ्वीले वहन गर्न सक्ने जनसंख्याको सीमा निर्धारण गर्दै राष्ट्रिय जनसंख्या मापदण्ड तयार गर्नुपर्दछ । 'वैश्विक हरित नीति' निर्माण गर्नुपर्दछ । मानवीय सम्बन्धलाई समुदाय, परम्परा र प्रकृतिसँगको सहजीवितामा पुनः परिभाषित गर्नुपर्दछ । सोही बमोजिम सामाजिक संरचना र जीवनशैली परिभाषित गर्नुपर्दछ । सीमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक समुदायहरूको हकहित सुरक्षित राख्न समताको नीति लिनुपर्दछ ।

**जैविक स्वास्थ्य र शिक्षा**

स्वास्थ्य सेवा र शिक्षा प्रणालीलाई जैविक दृष्टिकोण अनुसार पुनर्संरचना गर्नुपर्दछ । र, वैचारिक विभाजनको आडम्बर उदाङ्गिएको यो समय नेपाल र नेपाल जस्ता मुलुकका लागि महत्वपूर्ण अवसर बन्न सक्छ । नेपालले विश्व समुदायसमक्ष वैचारिक विभाजनको युग समाप्त भएको उद्घोष सहित नयाँ प्रस्ताव लैजान सक्छ । त्यो प्रस्ताव मूलतः नयाँ विश्व-व्यवस्था (जैविक राष्ट्र-जैविक विश्व) को प्रस्ताव नै हो । 'विश्व जैविक मञ्च' शुरुआती कदम हुन सक्छ । यस्तो मञ्च मार्फत पर्यावरणीय संकट लगायत विभिन्न वैश्विक संकटबाट पीडित हुने राष्ट्रहरूलाई संगठित गरी नयाँ विश्व-व्यवस्थाको वकालतको थालनी गर्न सकिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रशासक 'एस म्यान' बन्दा विकृति

सागर पण्डित

'शासन भनेको कानुनको शासन हो, व्यक्तिको होइन', अमेरिकी संविधानका पिता जेम्स मेडिसनको महत्वपूर्ण भनाइ हो यो । तर नेपालमा शासन प्रणाली अझै पनि व्यक्ति केन्द्रित र राजनीतिक आदेशमै केन्द्रित छ । लोकतन्त्रको तीन दशक बितिसक्दा पनि न प्रशासन स्वतन्त्र रहन सकिरहेको छ, न त राजनीतिक नेतृत्व दिग्दर्शक बन्न सकेको छ । विडम्बना त के भने, देशमा सुशासनको नारा दिनहुँ घन्किन्छ, तर व्यवहारमा विकृति, विसंगति र विवेकहीन निर्णयको दुर्गन्ध झन्-झन् फैलिँदै छ । मुलुक कुशासनको चक्रमा फसिरहेको छ । नेपालको शासन प्रणाली अहिले एक गम्भीर मोडमा छ । नागरिकका अपेक्षाहरू एकातिर छन्, राजनीतिक नेतृत्व र प्रशासनको कार्यशैली अर्कोतिर । लामो राजनीतिक संक्रमणपछि प्राप्त लोकतान्त्रिक अभ्यासले जनताको जीवनमा अपेक्षित परिवर्तन ल्याउन नसक्नुको मूल कारण के हो ? यसको उत्तर खोज्ने हो भने, हामी दुई प्रमुख जिम्मेवार तहसम्म पुग्छौं, राजनीतिक नेतृत्व र प्रशासकीय व्यवहार ।

आजको यथार्थ के हो भने, प्रशासकहरू राजनीतिक नेताको 'हुकुम पालक रोबोट' जस्ता बनिरहेका छन् । मन्त्रीले जे भने पनि त्यो कार्यान्वयन गर्नै पर्ने बाध्यता भएको छ, चाहे त्यो काम गलत होस् वा अनैतिक । यस्तो अवस्थामा प्रशासनले आफ्नो तटस्थता, व्यावसायिकता र जिम्मेवारी गुमाउँदै गएको छ । यो प्रवृत्तिले सरकारी सेवा प्रणालीमा नै गम्भीर असर पारिरहेको छ भने प्रशासन पनि जनतस्तरमा थप बदनाम बन्दै गइरहेको छ । दोस्रो पाटोमा, राजनीतिक नेतृत्व आफैंमा दिशाहीन देखिन्छ । नीति निर्माणको सट्टा अवसरवादी निर्णय, भागवण्डाको राजनीति र सत्ता टिकाउने खेलमा संलग्न भएका नेताहरूले देशको समृद्धिभन्दा व्यक्तिगत लाभमा ध्यान दिइरहेका छन् । परिणामस्वरूप, सुशासनको मर्म हराउँदै गएको छ । अब प्रश्न उठ्छ- यसको समाधान के हो ? मुख्यरुपमा सच्चिनुपर्ने त राजनीतिक नेतृत्व नै हो । प्रधानमन्त्री वा मन्त्री केवल दलको होइन, सम्पूर्ण जनताका प्रतिनिधि हुन् ।

उनीहरू विवेकशील, दूरदर्शी र उत्तरदायी हुन आवश्यक छ । आफू मातहतका प्रशासकबाट निष्पक्ष कामको अपेक्षा गर्ने हो भने, नेताहरू आफैं पहिले आचरणमा अनुकरणीय हुनुपर्छ । तर नेपालमा राजनीतिक नेतृत्व सच्चिनु र वीरबलको खिचडी पाक्नु उस्तै-उस्तै हुन थालेको छ । त्यसैले अब सच्चाइको पारो प्रशासकतर्फ नै केन्द्रित हुनुपर्ने अवस्था आएको छ । किनकि प्रशासनलाई राष्ट्रसेवा गर्ने निकायको रुपमा हेरिन्छ र निजामती सेवामा रहेकाहरुलाई राष्ट्रसेवकको दर्जा दिँदै आइएको छ । अब उनीहरुले वास्तविकरुपमा राष्ट्रसेवकको रुपमा आफूलाई स्थापित गर्नुपर्ने बेला आएको छ । त्यसैले प्रशासकले अब आफूलाई केवल आदेशपालक नभई नीति-नियमको संरक्षकको रूपमा लिएर सोही अनुसार परिचालन हुनुपर्ने आवश्यकता बढेको छ । कानुनी हैसियतमा प्रशासनसँग शक्ति छ, त्यसको प्रयोग सही ढंगले हुनुपर्छ । गलत निर्देशनको प्रतिवाद गर्नुपर्छ भने असल निर्णयहरूलाई कार्यान्वयन गर्नुपर्छ । गलत प्रवृत्ति देखाउनेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ, यही हो सच्चा प्रशासन र वास्तविक राष्ट्रसेवा । नेपालको राजनीतिक इतिहास हेर्ने हो भने, आन्दोलन धेरै भयो, परिवर्तन धेरै भयो, तर शासन प्रणालीमा आमूल सुधार भयो भन्न सकिने अवस्था आज पनि छैन । आजको नेपालमा न त राजनीतिक नेतृत्वमा विवेक बाँकी छ, न प्रशासनिक संयन्त्रमा आत्मबल । सत्तापक्षको आदेशपालक बन्न बाध्य प्रशासकहरू र राष्ट्रको दीर्घ हितभन्दा तत्कालीन स्वार्थमा केन्द्रित नेताहरूको मिलेमतोमा देशको शासन प्रणाली कोमामा पुग्न थालिसकेको छ । जवाहरलाल नेहरु भन्छन्, 'ब्युरोक्रेसी इज द स्पाइन अफ अ नेसन ।'

तर आज नेपालमा त्यो मेरुदण्ड ढल्किएको छ, झुकेको छ र कतै-कतै त नष्टै हुन थालेको छ । किन ? नेपालको संविधानले निजामती सेवालाई राजनीतिक प्रभावबाट मुक्त, मेरिटबेस, व्यावसायिक र निष्पक्ष बनाउने ग्यारेन्टी दिएको छ । तर हाम्रा प्रशासकहरू अझै पनि उच्च पदमा पुग्न राजनीतिक आशिर्वाद खोजिरहेका हुन्छन्, नेताहरुको कोठा-ढोकामा चहारिरहेका हुन्छन् । विवेकलाई बन्धकी राखेर जे गर्न पनि तयार हुने गरेका छन् । प्रशासनले कुनै वाद वा विचारको पक्षपोषण गर्नुहुँदैन । यी विषयहरु सैद्धान्तिक भए पनि आम कर्मचारी संयन्त्रले यो सिद्धान्तलाई व्यवहारमा उतार्न सकिरहेका छैनन् । बरु यसको ठीक विपरीत देखिने गरेको छ । अधिकांश प्रशासकहरु सत्य कुराको विषयमा राजनीतिक नेतृत्वसँग अडान लिन सक्दैनन् । अडान लिनुको साटो प्रशासनिक नेतृत्वमा रहने उच्च पदस्थहरु मन्त्रीको 'एस म्यान' बन्ने गरेका छन् । ठूला-ठूला किताबका ठेलीहरु कण्ठ पारेर, ज्ञानको अथाह भण्डारलाई आफूमा समाहित गर्दै प्रशासकको हैसियत बनाएकाहरु जाबो नाथे मन्त्रीको एस म्यान बन्न पुग्नु आज हाम्रो लागि निकै दुःखद र घोर विडम्बना भएको छ ।

विगतमा प्रशासन सुधारका लागि विभिन्न आयोगहरु बनाइयो तर ती आयोगले दिएका सुझावसहितका कैयौं प्रतिवेदनहरु सिंहदरबारका घर्रामा थन्किएर बसे । प्रशासन सुधार समितिहरुले दिएका प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन सकिएको भए शायद हाम्रो प्रशासनिक संयन्त्र निकै शक्तिशाली र प्रभावकारी बन्न सक्थ्यो तर त्यस्तो हुन सकेन । हाम्रा राजनीतिक नेतृत्वले कहिल्यै पनि प्रशासनलाई शक्तिशाली बनाउने हिम्मत गर्न सकेनन् । उल्टो आफ्नै छत्रछायामा राख्न खोजे । प्रशासनले त्यसमा आखा चिम्लेर साथ दियो र आफ्नै बदनाम गरायो । प्रशासनिक संयन्त्रमा रहेका कर्मचारीहरुले चाहेमा धेरै हदसम्म सुधार ल्याउन सकिन्छ । जनतालाई सेवा दिने विषयमा पनि कर्मचारीहरु संवेदनशील भएर लाग्न सके भने आम जनतामा उनीहरुकै साख बढ्न पुग्छ । त्यसैले प्रशासनिक संयन्त्रमा बसेकाहरुले अब जिम्मेवारी बहन गर्दा राजनीतिक मान्यताको प्रभावमा पर्नुहुँदैन ।

क्रमशः पृष्ठ-३....

तीनकुने घटना :

# चार युनिटबाट थप टोली मगाएर अनुसन्धान, हेडक्वार्टरबाट खटिए एसएसपी




काठमाडौं/१५ चैतमा तीनकुनेमा भएको राजावादी हिंसात्मक घटनाबारे जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान गरिरहेको छ । हिंसात्मक प्रदर्शनको राति नै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का दुई उच्च नेतालाई समातेर कारबाही प्रक्रिया अघि बढेको संकेत दिएको थियो । ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा उपचाररत प्रदर्शनका घाइते भेटेर फर्केने क्रममा राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महासचिव एवं सांसद डा. धवल शमशेर राणालाई त्यतिबेलै पक्राउ गरिएको थियो । मिश्र र राणाबाट सुरु भएको पक्राउ अपरेसन हिंसात्मक प्रदर्शनका मुख्य कमान्डर प्रसाईंसम्म आइपुग्यो ।

प्रहरीले सुरुवाती क्रमदेखि अहिलेसम्म करिब २ सय जनालाई पक्राउ गरे पनि स्क्रिनिङ गरेर धेरैलाई छाडेको छ । पक्राउ परेकामध्ये अपराधमा संलग्नलाई मात्रै म्याद लिएर अनुसन्धान अघि बढाइएको छ । परिसर काठमाडौंका एसपी तथा प्रवक्ता अपीलराज बोहराका अनुसार अहिलेसम्म ८२ जनाविरुद्ध अदालतबाट म्याद लिएर अनुसन्धान अघि बढाइएको छ । तीमध्ये ७४ जना मात्रै अहिले परिसरको हिरासतमा छन् । बाँकी ८ जनालाई जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंसँग राय लिएर हाजिरी जमानीमा हिरासतमुक्त गरिएको छ । छाडिएकाहरू देवबहादुर थापा मगर, प्रसिद्ध मल्ल, राज ठाकुर, नवीन ढकाल, आलोक पराजुली, चित्रमाया बस्नेत, बरुण यादव र सस्मिता बराल छन् । उनीहरू भाटभटेनी तोडफोड हुँदा फलफूल टिप्नेहरू रहेको प्रहरीले बताएको छ । यद्यपि, उनीहरूलाई मुद्दा भने चलाइने प्रहरीले जनाएको छ ।

तीनकुने घटनामा यति ठूलो संख्यामा पक्राउ पर्नुको मुख्य कारण नै मिडिया रहेको प्रहरीको भनाइ छ । हिंसात्मक प्रदर्शन, आगजनी, तोडफोड र उत्तेजित अभिव्यक्ति लिएर भीडलाई आक्रोशित बनाउने जति व्यक्ति पक्राउ परे ती अधिकांशजसो विभिन्न मिडियामा आएका भिडिओहरूबाट व्यक्ति पहिचान भएको अनुसन्धान अधिकृतहरू बताउँछन् । तीनकुने घटनामा आगो लगाउने, तोडफोड गर्ने, बन्दुक खोस्ने सबैजसोको भिडिओ, फोटो मिडियामा आएकाले पक्राउ गरी अनुसन्धान गर्न सहज भएको प्रहरीको भनाइ छ । सीसीटीभी फुटेजको मात्रै भर पर्दा राम्रोसँग व्यक्ति पहिचान हुन नसक्ने र सबैतिर सीसीक्यामेराले कभर नगर्ने हुँदा समस्या हुन्थ्यो । तर मिडियाले भने जस्ताको जस्तै फोटो, भिडिओ सार्वजनिक गरेकाले सहज भएको प्रहरीको भनाइ छ । त्यसो त प्रहरी आफैंले समेत विज्ञप्ति निकालेर तीनकुने घटनामा व्यक्ति पहिचान गर्न सहयोग माग गरेको थियो । तोडफोड तथा आगजनी गर्नेहरूको भिडिओ, फोटो भए उपलब्ध गराएर सहज बनाउन भनेको थियो ।

राजावादी प्रदर्शनमा मुख्य कमान्डर दुर्गा प्रसाईं विरुद्धको ज्यान मार्ने उद्योगको बलियो प्रमाण पनि प्रहरीले मिडियामा आएको भिडिओलाई नै लिएको छ । सार्वजनिक भिडिओमा प्रसाईं आफैंले गाडी चलाउँदै ड्युटीमा खटिएका प्रहरीलाई पेल्दै गाडी अगाडि बढाएको देखिन्छ । त्यस क्रममा उनले अपशब्द समेत बोलेको भिडिओमा सुनिन्छ । यसले अभियुक्तको पहिचान मात्रै नभएर अदालतमा प्रमाणको समेत काम गर्ने अनुसन्धान अधिकारीहरू बताउँछन् ।

सार्वजनिक भएका फोटो, भिडिओलाई नै एउटा सबुद प्रमाणको रूपमा संकलन गरेर अदालतमा पेश गर्ने प्रहरीको तयारी छ । अनुसन्धानमा खटिएका टोलीहरूले यो पाटोमा समेत काम गरिरहेका छन् । यी बाहेक अझै केही पक्राउ पर्न बाँकी नै रहेको प्रहरीको भनाइ छ । जसका कारण आरोपितको संख्या थपिने निश्चित छ । ठूलो संख्यामा प्रतिवादी बन्ने भएपछि प्रहरीले अन्य कार्यालयबाट पनि थप अनुसन्धान अधिकृत मगाएर अनुसन्धानलाई तिव्रता दिएको छ ।

**चार युनिटबाट थपिए अनुसन्धान अधिकृत**

ठूलो संख्यामा प्रतिवादी बन्ने भएपछि परिसरले थप चार युनिटबाट अनुसन्धान अधिकृत मगाएर अनुसन्धान अघि बढाएको छ । तीनकुने घटनाका लागि भनेर मात्रै छुट्टै अनुसन्धान अधिकृतहरू तोकिएको छ । तीनकुने घटनामा खटिएकाहरूले अन्य घटनाको अनुसन्धान गर्दैनन् । यो घटनाको अनुसन्धानका लागि प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय रानीपोखरी, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु र जिल्ला प्रहरी परिसर ललितपुरबाट थप टोली मगाएर अनुसन्धान अघि बढाइएको छ ।

अपराध अनुसन्धान विभागबाट प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कृष्ण पंगेनी अनुसन्धानमा खटिएका छन् । उनी यसअघि ६० किलो सुन तस्करी प्रकरणको अनुसन्धानमा पनि खटिएका थिए । त्यतिबेला मानव बेचबिखन अनुसन्धान ब्यूरोमा रहेका उनलाई सुनको अनुसन्धानमा खटाइएको थियो । यसका साथै रानीपोखरीको एआईजी कार्यालयबाट एसपी प्रवीण धितालालाई तीनकुने घटनाको अनुसन्धानका लागि खटाइएको छ । परिसर ललितपुरबाट मुद्दा शाखाका इन्स्पेक्टर नानिकाजी थापा खटिएका छन् । थापा मुद्दामा निकै राम्रो दखखल राख्ने इन्स्पेक्टरको रूपमा चिनिन्छन् । उनी यसअघि नेपाली नागरिक्लाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने प्रकरणमा भएको ठूलो ठगीको अनुसन्धानमा खटिएका थिए ।

अपराध अनुसन्धान कार्यालय आईटी शाखाका इन्स्पेक्टर राजेश महर्जनसहित दुई जना तीनकुने घटनाको अनुसन्धानमा खटिएका छन् । उनी प्रविधिमा निकै पोख्त मानिन्छन् । धेरै प्रतिवादी भएका ठूला र हाई प्रोफाइल व्यक्ति जोडिएका मुद्दाहरूमा प्रहरीले थप टोली मगाएर यसअघि पनि अनुसन्धान गर्दै आएको थियो । भुटानी शरणार्थी प्रकरणमा पनि अन्य कार्यालयहरूबाट थप अनुसन्धान अधिकृत मगाएर अनुसन्धान गरिएको थियो ।

विशेषगरी जटिल प्रकृतिका, धेरै प्रतिवादी जोडिएका र भीआईपी आरोपित भएका केशमा प्रहरीले छुट्टै टोली बनाएर अनुसन्धान गर्दै आएको छ । तीनकुने घटनामा परिसर भद्रकाली, काठमाडौंबाट एसपी कुलदीप चन्दसहितको टोली पनि खटिएको छ । परिसर भद्रकाली, काठमाडौं र अन्य थप चार युनिटका टोली गरी करिब २० अनुसन्धान अधिकृतको सहयोगमा तीनकुने घटनाको अनुसन्धान भइरहेको परिसर स्रोत बताउँछ ।

**धमाधम बयान**

हिरासतमा रहेका ७४ जनामध्ये करिब ३० जनाको बयान जिल्ला सरकारी वकिल कार्यालयमा भइसकेको छ । राजद्रोहको कसुर, संगठित अपराध, आपराधिक उपद्रवका आरोपितको बयान भइरहेको छ । परिसरको हिरासतबाट सरकारी वकिलको कार्यालय लगेर धमाधम बयान भएको छ । सरकारी वकिल कार्यालयका प्रमुख रामहरि शर्मा काफ्लेका अनुसार सोमबार र मंगलबार दुई राप्रपा नेता मिश्र र राणाको बयान भएको थियो । 'दुई दिनमा उनीहरूको बयान सकिएको छ । थप अनुसन्धान गर्दा केही खुलेमा फेरि बयानको काम हुन्छ,' काफ्लेले संचारकर्मीसँग भने । मिश्र र राणाविरुद्ध राजद्रोह र संगठित अपराधको कसुरमा बयान लिइएको छ ।

उनीहरूका साथै दुर्गा प्रसाईं, उनका अंगरक्षक दीपक खड्का, गोपाल मल्ल, गोपीकृष्ण खड्का, सन्तोष चौधरी, विष्णु पराजुली, रामकुमार धिमाल, पशुपति खड्का, हरिहर चौलागाईं, पुष्कर खतिवडा, मुनिन्द्रराज भण्डारी, कुमार बस्नेत, अनिलकुमार थापा, तारानाथ बोहरा, दानबहादुर न्यौपाने, उमेश तामाङ, भानुभक्त पौडेल, विष्णुजंग बस्नेत, देवीप्रसाद संग्रौला र प्रेम थापा लगायतलाई राजद्रोहको कसुरमा मुद्दा चलाउने तयारी छ । राजद्रोहको कसुरमा २५ वर्षसम्म कैद हुने व्यवस्था छ ।

अन्य अभियुक्तको पनि बयान लिने काम भएको छ । तर २९ चैतदेखि परिसरको हिरासतमा रहेका प्रसाईंको बयान सुरु भएको छैन । अहिलेसम्म प्रहरीले उनीमाथि अनुसन्धान गर्ने र सामान्य सोधपुछ मात्रै गरेको छ । केही दिनपछि जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौं उपस्थित गराएर बयान सुरु गरिने प्रहरीले जनाएको छ । प्रसाईंविरुद्ध भने राजद्रोह, आपराधिक उपद्रव, संगठित अपराधका साथै ज्यान मार्ने उद्योगको कसुरमा समेत अनुसन्धान भएकाले त्यसैअनुसार बयान लिने तयारी छ ।

झापाको बिर्तामोड नगर पालिका-५ का ५४ वर्षीय विवादास्पद व्यक्ति प्रसाईंले पछिल्लो समय राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको नेतृत्व गर्दै आएका थिए । उनैको महाअभियानलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले १५ चैतमा तीनकुनेमा सभा गर्नका लागि अनुमति दिएको थियो । राजसंस्था पुनर्स्थापनाका लागि जनआन्दोलन समितिका संयोजक ८६ वर्षीय नवराज सुवेदीलाई भने हाउस अरेस्टमै राखिएको छ । उनको घरमा अहिले पनि प्रहरीको उपस्थिति छ । यद्यपि, उनलाई मुद्दा चलाइने/नचलाइने भन्नेबारे प्रहरीले केही खुलाएको छैन ।

सुवेदीले समेत समर्थन गरेको राजा फर्काउने प्रदर्शन हिंसात्मक बनेको थियो । व्यक्तिको घर जलाउनेदेखि पसल, मार्ट तोडफोड भए । सवारी साधन जलाइए । प्रदर्शनमा प्रहरीको गोली लागेर कीर्तिपुरका सविन महर्जन र प्रदर्शनकारीले घरमा लगाएको आगोमा जलेर पत्रकार सुरेश रजकको ज्यान गएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# चलचित्रसम्बन्धी विधेयक संसदमा पेस गर्न मन्त्रिपरिषद्को स्वीकृति



काठमाडौं/सरकारले चलचित्रसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिएको छ । उक्त विधेयकलाई संसदमा पेस गर्न मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृति दिएको सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

गत माघमा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले चलचित्रसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो । त्यसपछि सञ्चार मन्त्रालयले चलचित्र विकास बोर्डमार्फत् मस्यौदा बनाएर अर्थ मन्त्रालय र कानून मन्त्रालयमा पठाएको थियो । दुवै मन्त्रालयबाट सहमति प्राप्त भएपछि सरकारले विधेयक संसदमा पेस गर्न लागेको हो ।

अब विधेयकले अन्तिम रूप लिन संसदमा दफावार छलफल हुनेछ । प्रतिनिधि सभाबाट विधेयक पास भएपछि त्यसलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्छ । अनि मात्र ऐन बन्छ र त्यही कानून हुन्छ । यो प्रक्रिया पूरा हुन ३/४ महिना समय लाग्न सक्ने देखिन्छ । नेपाली फिल्म क्षेत्र आजसम्म २०२६ सालमा बनेको ऐनको भरमा चलेको छ ।

गत भदौमा चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त भएपछि दिनेशराज दाहाल (दिनेश डिसी)ले आफ्नो कार्यकालभित्र चलचित्रसम्बन्धी विधेयक संसदमा पेस गर्ने बताएका थिए । उनकै जोडबलमा विधेयक संघीय संसदमा पेस हुने भएपछि सामाजिक सञ्जाल मार्फत् फिल्मकर्मीहरुले उनलाई बधाई दिइरहेका छन् । उनको कार्यकालको यो निकै महत्त्वपूर्ण सफलता मानिएको छ ।

# डिभोर्सको मुद्दा हालेर अमेरिका फर्किइन् अरुणिमा



काठमाडौं/अभिनेत्री अरुणिमा लम्सालको दोस्रो विवाह पनि संकटमा परेको छ । गत भदौ ३ गते धरानका युवराज श्रेष्ठसँग विवाह गरेकी उनले एक वर्ष पनि नपुग्दै श्रीमानविरुद्ध अदालतमा सम्बन्ध विच्छेदको मुद्धा हालेकी छन् । उनी अमेरिकी नागरिक भइसकेका कारण वारेसमार्फत् केही दिनअघि मुद्धा दर्ता गरेको जनाइएको छ । उनी डिभोर्स मुद्धा दर्ता गरेर मंगलबार अमेरिका फर्किसकेकी छन् ।

उनी गत साता आमाको साथमा नेपाल आएकी थिइन् । उनी नेपाल आउनुको पछाडि दुईवटा कारण थियो । पहिलो, श्रीमानविरुद्ध अदालतमा सम्बन्धविच्छेदको मुद्धा हाल्नु । दोस्रो, आफूले अभिनय गरेको वेब सिरिज 'घर बट इन अमेरिका'को प्रचार गर्नु । यो वेब सिरिजको मिडियामा प्रचार गर्ने क्रममा उनले श्रीमानविरुद्ध अदालतमा डिभोर्सको मुद्धा हालिसकेको जानकारी गराएकी हुन् ।

युवराजले आफूलाई धेरै कुरा ढाँटेको उनको आरोप छ । अरुणिमाले एक अन्तर्वार्तामा भनेकी छन्, 'उहाँले ढाँट्नुको कारण मसँग विवाह गरेर अमेरिका जानु थियो । विवाह गर्दा उहाँले झुटो बोल्नु भएको छ भन्ने मलाई थाहा भएन । पछि धेरै कुरा झुटो बोलेको थाहा पाएँ । झुटो मान्छेसँग त कसरी जीवन विताउने ? विवाहअघि मैले उहाँको बारेमा बुझ्ने प्रयास गरिनँ । त्यही मेरो गल्ती भयो ।'

युवराजलाई चिन्न आफूबाट गल्ती भएकाले फेरि सँगै बसेर अर्को गल्ती गर्न नचाहेको उनको भनाइ छ । 'म झुटो मान्छेसँग जीवन विताउन सक्दिनँ भनेर नै मुद्धा दायर गरेको हुँ । उहाँले त डिभोर्स दिन चाहनुभएको छैन । तर, म झुटो मान्छेसँग बस्न सक्दिनँ,' उनले भनेकी छन् । आफूले सम्बन्धविच्छेदको मुद्धा दायर गरिसकेकाले युवराज पूर्वपति भइसकेको पनि लम्सालले बताएकी छन् ।

उनले विवाह भएको करिब ६ महिनामै सामाजिक सञ्जालबाट श्रीमानसँगका सबै तस्वीरहरू हटाएर सम्बन्ध संकटमा रहेको संकेत गरेकी थिइन् । युवराजअघि उनको विवाह अमित अर्यालसँग भएको थियो । २०७४ सालमा उनीहरु कानुनी रुपमा अलग भएका थिए । दुवैका एक छोरी छिन्, अक्षता । अरुणिमा एक दशकदेखि आमाबुबा र छोरीको साथमा अमेरिकामा बस्दै आइरहेकी छन् ।

# निजी मेडिकल कलेज सञ्चालकसँग झुक्यो सरकार

काठमाडौं/सरकारले निजी मेडिकल कलेजमा एमबीबीएसको सिट संख्या बढाउने विषयमा अध्ययन गर्न कार्यदल गठन गरेको छ । बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको चिकित्सा शिक्षा आयोगको १८औं बैठकले निजी मेडिकल कलेजमा एमबीबीएस, बीडीएसको सिट संख्या र शुल्क पुनरावलोकनका लागि ११ सदस्यीय कार्यदल गठन गरेको हो ।

उक्त कार्यदल गठन गर्नुको पछाडि एउटै मात्र कारण छ- निजी मेडिकल कलेजले चिकित्सा शिक्षा आयोगले स्नातकोत्तर तह (पीजी) अन्तर्गतको एमडी, एमएस र एमडीएसका आवासकीय चिकित्सकको निर्वाह भत्ता दिन आर्थिक भार पर्ने देखाएर सिट संख्या बढाउने चलखेल ।

२५ माघमा बसेको आयोगको १६औं बैठकले आवासीय चिकित्सकको निर्वाह भत्ता सरकारी सरह (आठौं तह) को मासिक ४८ हजार निर्वाह भत्ता कायम गर्नुपर्ने निर्णय गरेको थियो । तर, उक्त निर्णय गरेको दुई महिनासम्म बितिसक्दा पनि निजी मेडिकल कलेज तयार भएनन् । आवासीय चिकित्सकलाई सरकारले तोकेकै निर्वाह भत्ता दिने हो भने शुल्क बढाउनुपर्ने वा सिट संख्या बढाउनुपर्ने माग अगाडि सारे ।

यसका लागि पीजीकै सिट संख्या बढाउनुपर्ने निजी मेडिकल कलेज सञ्चालकले बारम्बार प्रधानमन्त्री केपी शर्मा ओली लगायतका उच्च शीष नेतासँग हारगुहार गरे ।

तर, चिकित्सा शिक्षा ऐन अनुरुप मापदण्डअनुसार निजी मेडिकल कलेजका पीजीको सिट बढेनन् । यही बीचमा सरकारले पीजीको सिट संख्यासमेत तोक्यो । जसमा आगामी शैक्षिक सत्रका लागि सरकारी मेडिकल कलेजमा १२६८ सिट तोकिएको छ । यस्तै निजी मेडिकल कलेजको ८१८ सिट तोकियो । तर, पीजी सिट बढाउन असफल भएपछि निजी मेडिकल कलेज अर्को बखेडा निकाल्दै पढाउन नसक्ने धम्कीपूर्ण भाषा प्रयोग गर्न थाले ।

चिकित्सा शिक्षा आयोगले पनि आवासीय चिकित्सकको निर्वाह भत्ता सुनिश्चित नगर्ने मेडिकल कलेजलाई म्याचिङको प्रक्रियामा समावेश नगर्ने निर्णय गर्‍यो । निजी मेडिकल कलेजलाई पीजी अध्ययनरत विद्यार्थी नहुँदा थप जनशक्ति आवश्यक पर्ने हुँदा आर्थिक भार पर्ने हुँदा कलेज सञ्चालकले अर्को चाल चले । एमबीबीएस, बीडीएसको सिट संख्या बढाउने वा अध्ययन शुल्क बढाउने लबिइङमा जुटे ।

यसका लागि निजी मेडिकल सञ्चालकले पटकपटक प्रधानमन्त्री ओलीलाई पीजीमा अध्ययनरत आवासीय चिकित्सकको निर्वाह भत्ता दिने हो भने एमबीबीएसको र बीडीएसको सिट बढाउनुपर्ने वा शुल्कमा बढाएर सहुलियत दिनुपर्ने अडान राखे । बुधबार कार्यदल गठन गर्नुले निजी मेडिकल सञ्चालकसँग झुक्दै गुणस्तरीय जनशक्ति उत्पादनलाई हेक्का नै नराखी सरकार सिट संख्या बढाउनका लागि तयार देखियो ।

'प्रधानमन्त्री स्वयं पनि निजी मेडिकल कलेजको पक्षमा उभिएर एमबीबीएस र बीडीएसको सिट संख्या बढाउने पक्षमा स्पष्ट धारणा राख्नुभयो,' आयोगको बैठकमा एक सहभागीले भने, 'तर सिट संख्या बढाउँदा स्वास्थ्य क्षेत्रको गुणस्तरमा कति असर पर्न जान्छ, ख्याल नै गर्नुभएन ।'

ती सहभागीले अगाडि थपे, 'निजी मेडिकल कलेजले व्यापारिक हिसाबले आफ्ना माग राख्नुभयो । तर सरकारले गुणस्तरमा सम्झौता गरेर यसरी सिट संख्या थप्न कार्यदल गठन गर्नु उचित होइन ।' आवासीय चिकित्सकलाई ४८ हजार दिनमा एमबीबीएस कार्यक्रमको सिट संख्या बढाउनु व्यावहारिक र सरोकार नै नभएको विज्ञको भनाइ छ । चिकित्सा शिक्षा आयोगका अनुसार, यस वर्ष सरकारी र निजीमा गरेर एमबीबीएस लगायतका विषयमा २ हजार १४० कोटा तोकिएको छ ।

# प्रशासक 'एस म्यान'...

त्यसै गरी राजनीतिक नेतृत्वलाई सल्लाह दिँदा वस्तुगत भएर दिनुपर्छ भने राजनीतिक कार्यकारीलाई असल निर्णय गराउन उत्प्रेरित गर्नुपर्छ । त्यस्ता निर्णयहरुको कार्यान्वयन सशक्तरुपमा गराउनुपर्छ । विगतमा प्रशासनलाई एउटा गम्भीर आरोप पनि लाग्न पुग्यो । प्रशासनिक संयन्त्रमा रहेका उच्च अधिकारीहरु नेताजस्ता बन्न पुगेको आरोप उनीहरुमाथि छ । आगामी दिनमा त्यस्ता खाले आरोप आउन नदिन प्रशासनिक संयन्त्रमा रहेकाहरु संवेदनशील बन्न जरुरी छ । अब निष्क्रियता र एस म्यान प्रवृत्ति होइन, निर्भीकता चाहिन्छ । कानुनको बलमा प्रशासकीय स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ ।

प्रशासकले मन्त्रीको आदेशभन्दा अगाडि कानुनी विवेक, नीति निर्देशिका र सार्वजनिक हितलाई आधार बनाउनुपर्छ । अहिले जस्तो बकबासपूर्ण मन्त्रिस्तरीय चिठी प्रणाली बन्द गरिनुपर्छ । प्रशासनले अब आफ्नो ध्यान 'सरकारप्रति उत्तरदायी' भन्दा 'जनताप्रति उत्तरदायी' बन्नमा केन्द्रित गर्नुपर्छ । सेवाको गुणस्तर, पारदर्शिता र परिणाममुखी प्रणालीको विकासमा ध्यान दिइनुपर्छ । राजनीतिक नेतृत्वले खराब कर्म गर्न लाग्दा प्रशासकहरुले त्यसमा अब्जेक्सन जनाउने र गर्न नदिने परिपाटीको विकास गर्नुको विकल्प छैन ।

अब निजामती कर्मचारीहरुले राजनीतिक प्रणालीले आत्मसात् गरेका मूल्य, मान्यता र असल राज्यले जनतालाई प्रदान गर्नुपर्ने सेवा-सुविधा तथा लाभहरु जनतालाई प्रभावकारीरुपमा वितरण गर्ने गरी आफ्ना सम्पूर्ण संयन्त्रहरु परिचालन गर्नुपर्छ । अहिलेको जटिल अवस्थामा नागरिकलाई सेवा दिन र राज्यका संयन्त्रहरुलाई कामयावी बनाउन पनि कर्मचारीको मुख्य नेताको रुपमा रहेका मुख्य सचिव र अन्य सचिवहरुको ठूलो भूमिका रहन्छ । राजनीतिक नेतृत्वमाथि चौतर्फीरुपमा प्रश्न उठिरहेको छ । यस्तो अवस्थामा जनतामा निराशाको मौनक्रान्ति शुरु हुन सक्छ । त्यस्तो अवस्था आउन किमार्थ पनि दिनुहुँदैन । राजनीतिक दलका नेताहरु जनताको अपेक्षा र चाहना पूरा गर्न असफल भइरहेको अवस्थामा कर्मचारी संयन्त्रले जनताको चाहनाअनुसार आफूहरुलाई परिचालित गर्नै पर्छ । लोकतन्त्रका कर्मचारीले सेवा मात्रै होइन, जनतासमक्ष लोकतन्त्र नै वितरण गर्नुपर्छ भन्ने सिद्धान्त छ । यतिखेर यो सिद्धान्तको खोजी जनताले गरिरहेका छन् । 'डेलिभरी इन डेमोक्रेसी' भनिन्छ, त्यसैले यो डेलिभरी गर्ने प्रमुख निकाय भनेकै प्रशासनिक संयन्त्र हो । देशमा फैलिएको विकृति, विसंगति र विश्वासको संकटको मूलमा राजनीतिक नेतृत्वको कमजोरी र प्रशासनको पलायनवादिता छ । अब प्रशासकहरूलाई समयले माग गरेको छ- अस्मिताविहीन बन्न छोड, विवेक र संविधानको मार्ग अनुशरण गर । र, नेताहरूलाई स्मरण गराऊ- तपाईंहरू जनताका मालिक होइन, प्रतिनिधि मात्र हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# नयाँ भर्सनमा आयो 'अच्छा लेकिन लण्डनको' गीत, नीतिसँग राजेश हमालको छमछमी



काठमाडौं/फिल्म 'दैव संजोग'को चर्चित गीत 'अच्छा लेकिन लण्डनको'लाई पुन: रेकर्ड गरेर फिल्म 'नरसिंहा अवतार'मा समावेश गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमबीच उक्त गीतको नयाँ भर्सन सार्वजनिक गरियो । गीतमा शम्भुजित बाँस्कोटाको स्वर, शब्द तथा संगीत छ । उनलाई गायनमा रचना रिमालले साथ दिएकी छन् । पुरानो भर्सनमा शम्भुजित र देविका बन्दनाको स्वर थियो ।

कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु राजेश हमाल, सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिशा भट्टराई, उषा खड्गी, दीपा शाही, एल्भिना खड्का लगायत नृत्य गर्दै देखिएका छन् । भिडियो हेर्दा फिल्ममा हमालको जोडी नीतिसँग बाँधिएको देखिन्छ ।

दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा अर्जुन श्रेष्ठ, प्रशान्त ताम्राकार, नीर शाह, रमेश चन्द सोडारी, प्रकाश कुँवर, राजिभ जंग बस्नेत, अमित गिरी लगायतको पनि अभिनय रहेको छ । नेम महर्जन, दीपक शर्मा ढकाल, नरेन्द्र महर्जन र ुव न्यौपानेको लगानीमा तयार भएको फिल्ममा चन्द्र पन्तको द्वन्द्व निर्देशन तथा कथा छ ।

आगामी जेठ ९ गतेबाट प्रदर्शनमा आउन लागेको 'नरसिंहा अवतार' राजेश हमालको ८ वर्षपछिको कमब्याक फिल्म हो । यसैले फिल्मलाई लिएर दर्शकमा पनि उत्साह देखिन्छ । यसमा हमाल एक्सन भूमिकामा छन् । उनका अनुसार यो फिल्म दर्शकका लागि 'सरप्राइज' हुनेछ । छायांकनको क्रममा बाहिरिएका तस्वीरबाट उनी फिल्ममा प्रहरीको भूमिकामा रहेको खुलासा भइसकेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राजधानी कायम भएको ५ वर्षसम्म स्थायी संरचना बनेन

## मुख्यमन्त्री भन्छन्: जग्गा प्राप्ति मै सकस

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ हेटौंडा बागमती प्रदेशको स्थायी राजधानी हेटौंडा कायम भएको ५ वर्ष पूरा भइसक्दा समेत स्थायी संरचनाहरु बन्न सकेका छैनन् ।

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको कार्यकालमा २०७६ पुसमा प्रदेशको स्थायी राजधानी हेटौंडा तोकिएको थियो । राजधानी टुंगिएपछि लामो समय भैसक्दा समेत स्थायी संरचना निर्माण भने हुन सकेको छैन । प्रदेश सरकारका मन्त्रालय, यसका मातहतका कार्यालय पुराना सरकारी कार्यालय तथा भाडाका घरमा सञ्चालन हुँदै आएका छन् । संरचना निर्माणका लागि प्रत्येक वर्ष बजेट विनियोजन गरिदै आएपनि बजेट फ्रिज हुँदै आएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले स्थायी संरचनाका लागि जग्गा प्राप्ती मै सकस भएको बताएका छन् । प्रदेशको सबलीकरणका लागि व्यवस्थित स्थायी प्रशासनिक कार्यालयहरु आवश्यक रहेकोमा जोड दिदै मुख्यमन्त्री लामाले प्रदेश गौरवका आयोजना निर्माणपछि मात्रै जग्गा प्राप्ती हुने प्रावधानका कारण समस्या भएको बताए । बागमतीमा विगत ७ वर्षमा पाँचजना मुख्यमन्त्री र ८० जनाभन्दा बढी मन्त्री भइसकेका छन् । हालका मुख्यमन्त्री लामा पाँचौ मुख्यमन्त्री हुन् ।



प्रदेश सरकारले बर्सेनि तीन करोडभन्दा बढी रकम घर भाडाबापत बुझाउँदै आएको छ । हेटौंडा-१६ हटियास्थित डिपोचौरको जग्गामा प्रादेशिक संरचना निर्माणका लागि राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकारले २०७८ फागुनमा संघीय सरकारसमक्ष स्वीकृति माग गरेको थियो । पहिलो मुख्यमन्त्री पौडेलले हेटौंडा-२, स्थित सरकारी अड्डा क्षेत्रमै संरचना बनाउन वातावरणीय प्रभाव मूल्यांकन गराए पनि पाण्डे नेतृत्वको सरकारले कार्यान्वयनमा लगेन ।

हेटौंडा-१६ डिपोचौरमा मकवानपुर बहुमुखी सहकारी संस्था लिमिटेडको नाममा रहेको कित्ता नम्बर १८३ को १२ कठ्ठा १२ धुर, हेटौंडा-१७ लक्ष्मीपुर चौरमा शिवम् सिमेन्टसँग जोडिएको कित्ता नम्बर १९६ को ५४ कठ्ठा ११ धुर, हेटौंडा सिमेन्ट उद्योगको प्रयोगविहीन हेटौंडा-९ लामसुरे हाइटको २० बिघा र हालको प्रदेश मन्त्रीनिवास दक्षिणको ४ बिघा गरी करीब २४ बिघा, हेटौंडा-६ चित्रेपानीको करिब २४ बिघा र हेटौंडा-१९ लेबटस्थित करिब ८० बिघा जग्गा बागमती प्रदेश सरकारको नाममा ल्याउन तत्कालीन सरकारले संघ सरकारसँग माग गरेको थियो ।

प्रदेश मन्त्रिपरिषद्ले २०७९ फागुनमा निर्णय गरेर वातावरणीय प्रभाव मूल्यांकन गरी संघीय सरकारलाई प्रतिवेदन पठाए पनि स्वीकृत हुन नसकेको आन्तरिक मामिला तथा कानुनमन्त्री एवम् सरकारका प्रवक्ता सुरजचन्द्र लामिछानेले बताए ।

**कृषि थोकबजारमा मन्त्रालय**

पार्टीभित्रको शक्ति सन्तुलन मिलाउन मन्त्रालय टुक्रयाएर संख्या बढाउँदा किसानको तरकारी बिक्रीका लागि बनाइएको भवनमा समेत मन्त्रालय राखिएको छ ।

किसानले उत्पादन गरेका तरकारी बिक्री गर्न बनाइएको भवनमा गरिबी निवारण तथा सहकारी मन्त्रालय राखिएको छ । किसानले उत्पादन गरेका तरकारी बिक्री गर्न प्रदेश सरकारको ७० र हेटौंडा उपमहानगरपालिकाको ३० प्रतिशत लगानीमा थोकबजार निर्माण गरिएको थियो । निर्माण सम्पन्न भएर भवन हस्तान्तरण नहुँदै बागमती प्रदेशको गरिबी निवारण तथा सहकारी मन्त्रालयले सोही भवनबाट सेवा दिन थालेको छ ।

हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङस्थित राप्ती पुलनजिकै निर्माण गरिएको प्रादेशिक कृषि थोकबजारको भवनमा सहकारी तथा गरिबी निवारण मन्त्रालय छ । भर्खरै निर्माण सम्पन्न भएको भवन निर्माण कम्पनीले प्रदेश सरकारको कृषि विकास निर्देशनालयलाई हस्तान्तरण समेत गरेको छैन । निर्देशनालयले बजार सञ्चालन र व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई भवन हस्तान्तरण गर्नुपर्नेछ । मन्त्रालय कृषि थोकबजारको व्यवस्थापन हेर्ने निकाय बस्ने प्रशासनिक भवनमा बसेको छ ।

थोकबजारमा हेटौंडा-१ राप्तीकिनारमा अस्थायी टहरामा बसेको तरकारीको थोकबजारलाई यहाँ स्थानान्तरण गर्ने योजना हेटौंडा उपमहानगरपालिकाको छ ।

# तालिमको प्रमाणपत्र बोकेरमात्र जीवन सफल हुँदैन: सहमहामन्त्री डीना

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले तालिम सिकेको प्रमाणपत्र बोकेरमात्र जीवन सफल नहुने बताएकी छन् ।

बागमती प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को सहयोगमा युवालक्षित सीप विकास तालिम अन्तर्गत् हेटौंडामा व्यूटिपार्लर तालिम उद्घाटन गर्दै उनले सीप सिकेर प्रमाणपत्रसँगै व्यवहारमा लागू गरे आयआर्जन बढेर जीवन सहज हुने बताएकी छन् । सीप सिकेपछि त्यसलाई व्यवहारमा उतारेर स्वरोजगार बन्न प्रयोग गर्नैपर्छ, सहमहामन्त्री डीनाले भनीन् 'सिकेको सीपलाई व्यवहारमा उतार्न सकेमात्र तालिम सिक्नेको जीवन सुन्दर हुने र सरकारको लगानी सार्थक हुनेछ ।'

सरकारले युवालक्षित तालिम कार्यक्रम सञ्चालनमा करोडौं खर्च गरेपनि त्यसबाट अपेक्षित नतिजा नआएकोमा चिन्ता व्यक्त गर्दै उनले तालिम नतिजामुखी बनाउन सम्बन्धित कार्यालय सक्रिय हुनुपर्नेमा जोड दिइन् ।



परिषद्का प्रमुख कार्यकारी निर्देशक शान्ति लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा उपमहानगर प्रवक्ता तथा हेटौंडा-१ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले सबैखाले तालिम लिने तर, काम कुनै नगर्ने समस्या प्रवृत्तिकै रुपमा विकास भएकोले यो तालिमलाई त्यसरी नलिन सुझाव दिए । तालिम लिने र प्रयोगमा नल्याउनेहरुबाट सरकारी बजेटको दुरुपयोग भइरहेको भन्दै त्यस्तो नगर्न उनले सुझाए ।

कार्यक्रममा राष्ट्रिय बीमा बोर्डका अध्यक्ष दिनेश उपाध्याय, भूमि समस्या समाधान आयोग मकवानपुर सदस्य कविन सांगामी, परिषद्का अधिकृत सुदर्शन तिमल्सिना, प्रशिक्षक रिना गौतम, सावित्रीसिं ठकुरीलगायत सहभागी थिए । ३९० घण्टे तालिममा हेटौंडा आसपाका २० जना प्रशिक्षार्थीको सहभागिता रहेको छ ।

अधुरो कार्य सम्पादन कार्यविधिदफा ४ को उपदफा ३ सँग सम्बन्धित्

**श्री भूमि समस्या समाधान आयोग, जिल्ला समिति मकवानपुरबाट**

मिति २०८१/१२/२६को निर्णय अनुसार जारी भएको श्रेष्ता कायमको

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. स्थित तपसिल बमोजिमका निवेदकहरुले साविक पदमपोखरी गा.वि.स. वडा नं. २ को तपसिलको जग्गाहरु साविक मिति २०५२ साल अघि देखि हालसम्म निरन्तर रुपमा हकभोग गर्दै आइरहेको तर हालसम्म सो जग्गाको श्रेस्ता/पुर्जा प्राप्त नगरेकोले भूमि समस्या समाधान आयोग, जिल्ला समिति मकवानपुरबाट निर्णय गरि उल्लेखित जग्गाको श्रेस्ता/पुर्जा कायम सम्बन्धी निर्णय गरी श्रेस्ता पुर्जा समेत उपलब्ध गराइपाउँ भनी वडा कार्यालयहरुको हकभोग सिफारिस, नागरिकता प्रमाण पत्र प्रतिलिपी, अनुसुची २ नं. को फारम समेत संलग्न राखी मागदावी निवेदन पेश गर्नु भई सहि सनाखत गरि सनाखत प्रमाणित समेत भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा निज निबेदक/निवेदिकाले मागदावी गरेको तपसिलमा उल्लेखित जग्गा निवेदक/निवेदिकाले हकभोग गरेको वडा कार्यालयबाट खुल्न आएको हुँदा थप स्पष्टताको लागि उल्लेखित जग्गा निर्णय गरि निवेदक/निवेदिकाको नाममा श्रेस्ता पुर्जा उपलब्ध गराउने सम्बन्धमा, उल्लेखित जग्गा अन्य व्यक्तिहरुको समेत हक भोग भई हकदावी भए नभएको सम्बन्धमा तथा अन्य केहि कारणले गर्दा उल्लेखित जग्गानिवेदक/निवेदिकाको नाममा निर्णय गरि श्रेस्ता पुर्जा उपलब्ध गराउन नहुने कुनै कारणहरु भए सो सम्बन्धमा समेत ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामासमेत प्रकासित गरि सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछि पेश गर्नु भनि भएको आदेश बमोजिम यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदक/निवेदिकाको माग दावी सत्य नभई झुठा भए वा उल्लेखित जग्गा निवेदक/निबेदिका भन्दा अन्य कोही ब्यक्तिहरुले हक भोग गरेको भए वा निबेदकको मागदावी बमोजिम निबेदक/निवेदिकाको नाममा निर्णय गरि श्रेस्ता पुर्जा कायम गरि दिदाँअरु कसैको कानूनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, ब्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदक/निवेदिकाको माग बमोजिम श्रेस्ता पुर्जा कायम हुनु/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले ३५ दिन भित्रश्री भूमि समस्या समाधान आयोग, जिल्ला समिति मकवानपुरमास-प्रमाण दावी उजूरी गर्न आउनु होला अन्यथा निवेदक निवेदिकाको नाममा निर्णय भई श्रेस्ता पुर्जा कायम भई जानेछ । पछि कुनै उजुर वाजुर लाग्ने छैन ।

**तपसिल**

**जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका**

| क्र.स. | निवेदकको नाम, थर | ना.प्र.प. नं./ जारी मिति | ठेगाना/वडा नं. (साबिक) | कि.नं. | क्षेत्रफल | हकभोग गरेको मिति | निवेदनको किसिम |
|---|---|---|---|---|---|---|---|
| १. | देउमान योन्जन | २९२५ २०५२/०३/२६ | पदमपोखरी-२ | २६४५ | ०-०-१२ | वि.स. २०५२ अघि देखि | विगत आयोगको अधुरो काम |
| २. | रुद्र बहादुर मगर | ४७७० ०४३/१०/०४ | पदमपोखरी-२ | २७२९ | ०-०-१२ | " | " |


# प्रदेशको ८४८ माविमा...

दोलखाको कालिञ्चोक गाउँपालिकाको बालउदय माध्यमिक विद्यालय, जल्पाश्वरी माध्यमिक विद्यालय, निकोभूमे माध्यमिक विद्यालय, गौरीशंकर गाउँपालिकाको हिमावर्ती माध्यमिक विद्यालय, तामाकोशी गाउँपालिकाको अमर मावि, विगु गाउँपालिकाको गौरीशंकर माध्यमिक विद्यालय, थाम्पु माध्यमिक विद्यालय, हिमालय माध्यमिक विद्यालय चिलंखा, शान्तिआर्दश माध्यमिक विद्यालय, लादुक बैतेश्वर गाउँपालिकाको जनज्योति माध्यमिक विद्यालय, मेलुङ गाउँपालिकाको डाँडाखर्क माध्यमिक विद्यालय, भीम माध्यमिक विद्यालय, कालिका माध्यमिक विद्यालय, लक्ष्मी माध्यमिक विद्यालयमा नर्स पद रिक्त रहेको छ ।

धादिङको ६ स्थानीय तह खानियाबस गाउँपालिका शिङगालादेवी माध्यमिक विद्यालय, गणेशकुण्ड माध्यमिक विद्यालय, झर्लाङ माध्यमिक विद्यालय, गंगाजमुना गाउँपालिका महालक्ष्मी माध्यमिक विद्यालय सानो बसेरी, गजुरी गाउँपालिकाको डोलभन्ज्याङ माध्यमिक विद्यालय, ज्वालामुखी गाउँपालिकाको समिभन्ज्याङ माध्यमिक विद्यालय, बराहकालिका माध्यमिक विद्याल, त्रिपुरासुन्दरी गाउँपालिकाको त्रिपुरासुन्दरी मा.वि., नेत्रावती डबजोङ गाउँपालिकाको कुण्डलादेवी मा.वि.मा नर्स रिक्त छ ।

नुवाकोटको दुप्चेश्वर गाउँपालिकाको गोल्फु भञ्ज्याङ माध्यमिक विद्यालय, बेलकोटगढी नगरपालिकाको वीरेन्द्र माध्यमिक विद्यालय, तादी गाउँपालिकाको सुन्दरा माध्यमिक विद्यालय, सातबिसे, लिखु गाउँपालिकाको महेन्द्र महेशदेव माध्यमिक विद्यालय, म्यागङ गाउँपालिकाको किम्ताङ माध्यमिक विद्यालयमा नर्स छैनन् । रसुवाको उत्तरगया गाउँपालिकाको नवविजय महेन्द्र माध्यमिक विद्यालय, गोसाईकुण्ड गाउँपालिकाको कोमिन श्यामेयोङफेल माध्यमिक विद्यालय, नौकुण्ड गाउँपालिकाको गौतमबुद्ध माध्यमिक विद्यालयमा नर्सको दरबन्दी रिक्त छ ।

रामेछापको गोकुलगंगा गाउँपालिकाको कमलादेवी माध्यमिक विद्यालय, गोकुलगंगा माध्यमिक विद्यालय, दोरम्बा गाउँपालिकाको काकलिंग माध्यमिक विद्यालय, सुर्केदेउराली माध्यमिक विद्यालय, सुनापति गाउँपालिकाको अग्लेश्वर माध्यमिक विद्यालय, शतलिङेश्वर माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिकाको श्री माध्यमिक विद्यालय राताथुम, भिमेश्वर प्रसुन कंडेल माध्यमिक विद्यालय, विष्णुज्योति माध्यमिक विद्यालय, खाँडादेवी माध्यमिक विद्यालयमा नर्स छैनन् ।

ललितपुरको बागमती गाउँपालिकाको शारदा शिक्षासदन मा.वि., सिन्धुपाल्चोकको जुगल गाउँपालिकाको कालि देवी मा.वि., रामेश्वर मा.वि., भीमसेन मा.वि., पाँचपोखरी थाङपाल गाउँपालिकाको क्षेत्रपलेशवरी मा.वि., लांगर्चे मा.वि., थाङपालधाप मा.वि., भोटेकोशी गाउँपालिकाको झिर्पु मा.वि., बाह्रबिसे नगरपालिकाको क्षमावती मा.वि., हेलम्बु गाउँपालिकाको पाल्चोक मा.वि., लिसंखुपाखर गाउँपालिकाको सम्पदा मा.वि. जेठाल, निगाले मा.वि., धर्मोदय मा.वि. ठुलो धादिङमा नर्स पद रहेपनि नर्स छैनन् ।

## नयाँ शैक्षिकसत्रमा सरकारको ७ बुँदे निर्देशन

# शिक्षकका माग सम्बोधन गर्न अधिवेशन आह्वान गरिएको हो: शिक्षामन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ नयाँ शैक्षिकसत्रमा शिक्षक तथा कर्मचारीहरु आन्दोलनमा उत्रिएका बेला शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ७ बुँदे निर्देशन जारी गरेको छ ।

शिक्षाक्षेत्रलाई थप व्यवस्थित, पारदर्शी, उपलब्धिमूलक, विश्वसनीय र सेवाग्राहीमैत्री बनाउन भन्दै केन्द्रले ७५३ वटै स्थानीय तह र ७७ वटै जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइलाई परिपत्र गर्दै निर्णय कार्यान्वयन गर्न भनेको छ । नयाँ शैक्षिकसत्र कार्यान्वयन गर्ने मुख्य सरोकारवाला शिक्षक काठमाडौं केन्द्रित आन्दोलनमा छन् । केन्द्रले जारी गरेको परिपत्रमा एक शैक्षिकसत्रका लागि २२० दिन रहेको भनिएको छ । तर, चैत २० देखि शिक्षक आन्दोलनमा छन् । नयाँ शैक्षिकसत्र सुरु भएको पनि तीनदिन भइसकेको छ । तर, शिक्षक र सरकारबीच सहमति भएको छैन ।

सरकारले आन्दोलन रोकेर विद्यालय फर्किन भने पनि शिक्षकले मानेका छैनन् । यहीबेला विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न, नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति तथा शुल्क, प्रारम्भिक बालशिक्षा लगायतका विषयमा सरकारले सात बुँदे निर्देशन जारी गरेको छ ।




शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षकका माग सम्बोधन गर्न सरकारले संसदको वर्षे अधिवेशन छिट्टै आह्वान गर्ने निर्णय गरेको बताएकी छन् । मन्त्री भट्टराईले बुधबार भिडियो सन्देश जारी गर्दै शिक्षकका माग सम्बोधन गर्न संसद बैठक आह्वान गर्ने निर्णय गरेको बताएकी हुन् ।

'विधेयक छिटो पारित गरियोस् भन्ने मागलाई सम्बोधन गर्न हिजोको मन्त्रिपरिषद् बैठकले वैशाख १२ गते त्यही विषयलाई सम्बोधन हुनेगरी संसद बैठक आह्वान गरेको छ,' मन्त्री भट्टराईले भनेकी छन् । शिक्षकका अरु माग सम्बोधन गर्न पनि मन्त्रालयले सहजीकरण समिति बनाएर संवाद गरिरहेको उनले बताइन् । 'शिक्षकसँग संवादमा छौं । मन्त्रालयको तर्फबाट सहजीकरण समिति निर्माण गरेर संवादमा लागेका छौं,' उनले भनिन् ।

शिक्षा ऐन जारी गर्न माग गर्दै शिक्षकले २० चैतदेखि काठमाडौंमा आन्दोलन गर्दै आएका छन् । सरकार र शिक्षक महासंघ बीच पटकपटक संवाद भएपनि सहमति जुटेको छैन । सरकारले मन्त्रिपरिषद बैठकबाट शिक्षकलाई आन्दोलन बन्द गरेर विद्यालय फर्किन आह्वान गरेपनि शिक्षा ऐन जारी नभएसम्म आन्दोलन नरोक्ने अडानमा शिक्षक छन् । शिक्षक तथा कर्मचारीमैत्री शिक्षा ऐन छिटो जारी गर्नुपर्ने उनीहरुको मुख्य माग छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७–५९०३३३

